# सुनछहरी गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड १० सुनछहरी, असार २९ गते, २०८३ साल संख्या ३

स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा १०२ को उपदफा १ बमोजिम सुनछहरी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

भाग-१

सुनछहरी गाउँपालिकाको आर्थिक ऐन-२०८३

***२० औं गाउँसभामा पेश भएको मिति: २०८३/०३/१०***

***सभाबाट पारित मिति: २०८३/०३/२९***

***प्रमाणीकरण मिति: २०८३/०३/३०***

**प्रस्तावना:** सुनछहरी गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा उल्लेख भएका कराधिकारमा स्थानीय कर तथा शुल्क संकलन गर्ने, कर छुट दिने तथा राजश्व संकलनको प्रशासनिक ब्यबस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सुनछहरी गाउँपालिकाको मिति २०८३/०३/०९ को निर्णयले गाउँसभामा पेश गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम " सुनछहरी गाउँपालिकाको आर्थिक ऐन २०८३" रहेको छ ।

२. कर लगाइने क्षेत्र र विषयहरु:

**क. सम्पत्ति कर**- सुनछहरी गाउँपालिकाका क्षेत्र भित्र घर जग्गा कर अनुसुची (१) मा व्यवस्था भए अनुसार कर लगाईने र असूल उपर गर्न सकिने छ ।

**ख. भूमि कर /मालपोत**–सुनछहरी गाउँपालिकामा भूमि कर मालपोत कर अनुसुची (२) मा व्यवस्था भए अनुसार कर लगाईने र असुल उपर गर्न सकिने छ ।

**ग. घर बहाल कर**- सुनछहरी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संघ संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिए वाफत अनुसुची (३) वमोजिम घर जग्गा बहाल कर लगाईने र असुल उपर गर्न सकिने छ ।

**घ. व्यवसाय कर**- गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुची (४) वमोजिम व्यवसाय कर लगाईने र असुल उपर गर्न सकिने छ ।

**ङ. जडिबुटी कवाडी र जीवजन्तु कर**- सुनछहरी गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संघ संस्थाले उन खोटो जडिबुटी बनकस कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तु को हाड सीङ प्वाँख छाला जस्ता वस्तुको व्यवसायीक कारोबार गरे वापत अनुसुची (५) वमोजिम कर लगाईने र असुल उपर गर्न सकिनेछ।

**च. सवारी साधन कर**- सवारी साधन कर प्रदेश कानुन अनुसार अनुसुची (६) वमोजिम कर लगाईने र असुल उपर गर्ने सकिने छ ।

**छ. विज्ञापन कर**– विज्ञापन कर अनुसुची (७) वमोजिम लगाइने र असुल उपर गर्ने सकिनेछ ।

**ज. मनोरञ्जन कर**– मनोरञ्जन कर कानुन वमोजिम अनुसुची (८) बमोजिम लगाइनेछ ।

**झ. प्राकृतिक स्रोतको रोयल्टी**- गाउँपालिका क्षेत्रभित्र प्राकृतिक स्रोत शुल्क अनुसूची (९) बमोजिम लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

**ञ. बहाल बिटौरी शुल्क** – सुनछहरी गाउँपालिका क्षेत्र भित्र आफूले निर्माण रेखदेख वा संचालन गरेका उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूची (१०) मा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिने छ ।

**ट. पार्किङ शुल्क** – सुनछहरी गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत पार्किङ शुल्क अनुसुची (११) वमोजिम लगाईने र असुल उपर गर्न सकिनेछ ।

**ठ. ट्रेकिङ्ग कोयोकिङ क्यानोईङ्ग बन्जी जम्पिङ जिपफ्लायर र र्याफ्टीङ शुल्क**- सुनछहरी गाउँपालिका आफ्नो क्षेत्र भित्र ट्रेकिङ कायोकिङ क्यानोईङ बन्जी जम्पिङ जिपफ्लायर र र्याफ्टीङ सेवा वा व्यवसाय संचालन गरेवापत अनुसुची (१२) वमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**ड. सेवा शुल्क दस्तुर** – सुनछहरी गाउँपालिका निर्माण संचालन वा व्यवस्थापन गरेका उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीवाट अनुसूची (१३) मा व्यवस्था भए अनुसार शुल्क, दस्तुर लगाईने असुल उपर गरिने छ ।

**ढ. पर्यटन शुल्क**- प्रदेश कानुन अनुसार अनुसुची (१४) वमोजिम कर लगाईनेछ ।

**ण. दण्ड जरिवानाः** – गाउँपालिकाले आफ्नो क्षेत्रभित्र अवैध र अनाधिकृत रुपमा चोरी निकासी गरेको, मापदण्ड विपरीतका व्यवसाय संचालन गरेको पाइएमा अनुसूची (१५) बमोजिमको दररेटमा दण्ड जरिवाना शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**त. कर छुट** – यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई अनुसूची (१६) मा उल्लेख भए बाहेकलाई कर छुट दिइनेछैन ।

**थ. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधी**- यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधी सुनछहरी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**द.** करका दर र दायराहरु अनुसूची १-१५ सम्ममा उल्लेख गरे बमोजिम हुनेछन् ।

## अनुसूची-१
## घर कर

सुनछहरी गाउँपालिका क्षेत्र भित्र रहेका घरको गाउँपालिका भित्रको सडक पहुँचको आधारमा वर्ग विभाजन ( "क" वर्ग "ख" वर्ग "ग" "घ" वर्ग) सुनछहरी गाउँपालिका वडा नं १ देखि वडा नं ७ सम्म

| वर्ग | विभाजित क्षेत्र | | | | |
|---|---|---|---|---|---|
| क. | गाउँपालिकाको केन्द्र पोबाङमा बनेका संरचना | | | | |
| ख | पोबाङ बाहेक सुलिचौर-थबाङ सडकले छोएको स्थान, सुलिचौर-जेलबाङ सडक, सुलिचौर-फगाम- धुङसी सडकले छोएको स्थान, सुलिचौर-स्युरी-गाम सडकले छोएको संरचना | | | | |
| ग | गाउँपालिकाका वडा भित्रका ग्रामिण सडकले छोएका संरचनाहरु | | | | |
| घ | कुनै पनि सडकले नछोएका संरचनाहरु सबै | | | | |
| घर कर | | | | | |
| **क सं** | **विवरण** | **"क" वर्ग** | **"ख" वर्ग** | **"ग" वर्ग** | **"घ" वर्ग** |
| १ | फुसको छाना भएको प्रति घर | ७० | ६० | ५० | ४० |
| २ | माटो ढुङगाको घर ढुङगाले छाएको प्रति घर | ११० | १०० | ९० | ८० |
| ३ | फ्लायकको घर प्रति घर | ८० | ७० | ६० | ५० |
| ४ | टीन जस्तापाताको घर प्रति | ११० | १०० | ९० | ८० |
| ५ | सिमेन्ट डण्डी तथा ढलान भएको प्रति तला | ३०० | २५० | २०० | १५० |
| ६ | व्यवसायिक प्रयोजनको लागि बनाइएको टहरा | ८० | ७० | ६० | ५० |

## अनुसूची-२

## भूमी कर (मालपोत)

नेपालको संविधान २०७२को धारा २२८ को उपधारा २ अनुसुची ८ बमोजिम यस आ.व. २०८३/०८४ मा सुनछहरी गाउँपालिकाको क्षेत्रमा मालपोत / तथा भुमीकर निम्न अनुसार कर लिन सकिनेछ ।

| सि.नं. | मालपोत/भुमीकर/जग्गा कर | करका दरहरु | कैफियत |
|---|---|---|---|
| १. | जग्गा प्रति रोपनी | | |
| | क) व्यवसायिक क्षेत्र | ५० रुपैया प्रति रोपनी | |
| | ख) आवसिय क्षेत्र | ३५ रुपैया प्रति रोपनी | |
| | ग) कृषि क्षेत्र | | |
| | - अब्बल | ३० रुपैया प्रति रोपनी | |
| | - दोयम | २५ रुपैया प्रति रोपनी | |
| | - सिम | २० रुपैया प्रति रोपनी | |
| | - चाहर | १५ रुपैया प्रति रोपनी | |

Sunchhahari Rural Municipality
२०७३
पोबाङ, रोल्पा

अनुसूची-३

**घर बहाल करः**

नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसुचि ८ बमोजिम आ.व. २०८३/०८४ मा गाउँपालिकाका क्षेत्रमा लाग्ने घर बहाल करः सुनछहरी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले दिईएकोमा आर्थिक ऐन नियम बमोजिम घर जग्गा वहाल कर लगाईने र असुल उपर गर्न सकिनेछ ।

- भाडाको १० प्रतिशत

सुनछहरी गाउँपालिका

**अनुसूची-४**

**नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसूची ८ बमोजिम** आ.व. २०८२/०८३ मा **गाउँपालिकाको क्षेत्रमा लाग्ने व्यवसायिक करहरु:**

| सिं. नं. | व्यवसायको कर | करका दरहरु | कैफियत |
|---|---|---|---|
| १. | व्यापार व्यवसाय तर्फ / होटल तथा रेष्टुरेन्ट होमस्टे तथा सम्पुर्ण खुद्रा तथा होलसेल व्यापार व्यवसाय दर्ता तथा नविकरण | • रू १ लाख भन्दा कम पुजी भएको व्यावसाय दर्ता शुल्क रु १५००/-<br>• रू १ लाख देखी रू ३ लाख सम्म पुँजी भएको व्यवसाय दर्ता कर रु २०००/-<br>• रू ३ लाख देखी रू ५ लाख सम्म पुँजी भएको व्यवसाय दर्ता कर रु ३०००/-<br>दर्ता शुल्कको २५ प्रतिशत नविकरण शुल्क लाग्नेछ तर बार्षिक कर समयमै नबुझाएमा १० प्रतिशत विलम्ब शुल्क लाग्नेछ । | ५ लाख भन्दा माथिको व्यापार व्यवसायहरुको सिफारिस गाउँपालिकाबाट गर्ने । |
| २. | उद्योगतर्फ | • रू १ लाख भन्दा कम पुजी भएको उद्योग दर्ता शुल्क रु २०००/-<br>• रू १ लाख देखी रू ३ लाख सम्म पुँजी भएको उद्योग दर्ता कर रु ३०००/-<br>• रू ३ लाख देखी रू ५ लाख सम्म पुँजी भएको उद्योग दर्ता कर रु ४०००/-<br>दर्ता शुल्कको २५ प्रतिशत नविकरण शुल्क लाग्नेछ तर बार्षिक कर समयमै नबुझाएमा १० प्रतिशत विलम्ब शुल्क लाग्नेछ । | |
| ३. | बैंक तर्फ | | |
| ४. | वाणिज्य बैंक सूचीकृत/ नविकरण | १२०००/- | |
| | विकास बैंक सूचीकृत/ नविकरण | ९५००/- | |
| ५. | ग.फाईनान्स तथा वित्तिय संस्था सूचीकृत/ नविकरण | ७०००/- | |
| ६. | घ.सहकारी /विमा कम्पनी/मनि | ५०००/- | |

| | | | |
|---|---|---|---|
| | ट्रान्सफरहरु दर्ता नविकरण | | |
| ७. | मेडिकल /क्लिनिक दर्ता नविकरण | पुंजीको आधारमा<br>क. रु १ लाख देखि ५ लाख सम्मको लागि रू ५०००-/<br>ख. रु ५ देखि माथिको रु ८०००।<br>दर्ता शुल्कको २५ प्रतिशत नविकरण शुल्क लाग्नेछ तर बार्षिक कर समयमै नबुझाएमा १० प्रतिशत विलम्ब शुल्क लाग्नेछ । | |
| ८. | ग.कुटानी/पिसानी/पेलानी दर्ता / नविकरण प्रति मेशिन | प्रति मेशिन दर्ता रु/५००.<br>प्रति मेशिन नवीकरण १२५/ - | पानीबिजुली डिजेलबाट संचालित |
| ९. | हाते चिरानी मेशिन सूचीकरण | रु. १५००/- रुपैयाँ प्रति मेशिन | |
| १० | काष्ठ उद्योग तथा फर्निचर सूचीकृत नविकरण | रु ३०००/ | |
| ११ | टेलर्स पसल दर्ता नविकरण | • रू १ लाख भन्दा कम पुजी भएको टेलर्स पसल दर्ता शुल्क रु ५००/-<br>• रू १ लाख देखी रू ३ लाख सम्म पुँजी भएको टेलर्स पसल दर्ता कर रु १०००/-<br>• रू ३ लाख देखी रू ५ लाख सम्म पुँजी भएको टेलर्स पसल दर्ता कर रु १५००/-<br>दर्ता शुल्कको २५ प्रतिशत नविकरण शुल्क लाग्नेछ तर बार्षिक कर समयमै नबुझाएमा १० प्रतिशत विलम्ब शुल्क लाग्नेछ । | |
| १२ | ईन्जिनीयरिङ. कन्सल्टेन्सी सेवा दर्ता नविकरण | रू ५०००/- | |
| १३ | ड्राईभिङ ईन्स्टिच्युट दर्ता नविकरण | रू ५०००/- | |
| १४ | ट्युसन सेन्टर दर्ता नविकरण | रू ५०००/- | |

| | | | |
|---|---|---|---|
| १५ | केवल /ईन्टरनेट दर्ता नविकरण | रू ६०००/- | |
| १६ | निजी विद्यालय तर्फ दर्ता नविकरण | | |
| १७ | क.मा वि स्तर | रू ३०००/- | |
| | ख.आ.वि.स्तर | रू २०००/- | |
| १८ | परामर्श तथा अनुसन्धान तर्फ दर्ता नविकरण | | |
| | क.अनुसन्धान तथा परामर्श सेवा व्यवसाय नविकरण | रू ५०००/- | |
| १९ | घ.वर्गको ठेक्का पट्टा लाईसेन्स | | |
| क | 'घ÷ वर्गको लाईसेन्स नयाँदर्ता /नवीकरण | दर्ता रु. २००००/-<br>नविकरण रु ५०००/ | नवीकरणको हदम्याद लाग्ने छैन |
| ख | घ वर्गको लाईसेन्स प्रतिलिपि | रु. ८०००/- | |
| ग) | घ.लाईसेन्स नविकरण विलम्व शुल्क | प्रति वर्ष १० प्रतिशतको दरले विलम्ब शुल्क लाग्ने | |
| २१. | हेभि ईक्युपमेन्ट सुचिकृत | | |
| क) | क.१५०.सिसि क्षमता सम्मको हेभि इक्युपमेन्ट | रु.३०००/- | |
| ख) | ख. १५० देखि २०० सिसि क्षमता सम्मको हेभी इक्युपमेन्ट | रु. ४०००/- | |
| ग) | ग.२०० सिसि क्षमता भन्दा माथि सम्मको हेभि इक्युपमेन्ट | रु. ५०००/- | |

## अनुसूची-५

**नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसूची ८ बमोजिम** आ.व. २०८३/०८४ मा **गाउँपालिकाका क्षेत्रमा लाग्ने जडीबुटी कवाडी तथा जीवजन्तु करहरुः**

| सि.नं | राजश्वका क्षेत्रहरु | करका दरहरु | कैफियत |
|---|---|---|---|
| १ | अल्लो/भागो धागो प्रति के.जी | रु. ५/- | |
| २ | तितेपाति प्रति के जी | रु १० पैसा | |
| ३ | खोटो प्रति के जी | रु. ५/- | |
| ४ | प्लाष्टिक पदार्थ के जी | रू २५ पैसा | |
| ५ | फलाम तथा धातु सामान के जी | रू.२ रुपैयाँ | |
| ६ | पदमचाल प्रति के जी | रु. ६ रुपैयाँ | |
| ७ | भटमास/सिमी/सिलाम प्रति के जी | रु. ३ रुपैयाँ | |
| ८ | आलु प्रति के जी | रु ५० पैसा | |
| ९ | अलैची प्रति के जी | रु.५ रुपैयाँ | |
| १० | टिमुर प्रति के जी | रु. ६ रुपैयाँ | |
| ११ | पन्यु च्याउ प्रति के जी | रु. २५ रुपैयाँ | |
| १२ | पाखनवेत, काउलो, तेजपता, , प्रति के जी | रु. ३ रुपैयाँ | |
| १३ | चिराईतो, सुगन्धवाल, सुगन्धकोकिला प्रति के जी | रु. ५ रुपैयाँ | |
| १४ | मकै/ गहुँ प्रति के जी | रु. २ रुपैयाँ | |
| १५ | अदुवा/ बेसार/ प्रति केजी | रु. २ रुपैयाँ | |
| १६ | लसुन प्रति के जी | रु ३ रुपैयाँ | |
| १७ | प्याज प्रति केजी | रु १ रुपैयाँ | |
| १८ | कागती/सुन्तला/आँप लिची तथा फलफुल प्रति केजी | रु १ रुपैयाँ | |
| १९ | मह प्रति केजी | रु १०० रुपैयाँ | |

| | | | |
|---|---|---|---|
| २० | सतुवा प्रति केजी | रु १५ रुपैयाँ | |
| २१ | कोदो प्रति केजी | रु २ रुपैया | |
| २२ | कागज प्रति केजी | ५० पैसा | |
| २३ | टिनको सामान प्रति केजी | ५० पैसा | |
| २४ | झ्याउ (झुल) प्रति केजी | रु ३ रुपैया | |
| २५ | लोकता (बरौवा) प्रति केजी | रु ५ रुपैया | |
| २६ | सेतक चिनी प्रति केजी | रु १० रुपैया | |

## अनुसूची-६

**नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसची ८ बमोजिम गाउँपालिका क्षेत्रमा सवारी साधन करः अटो रिक्शा बाहेकका सवारी साधन कर निर्धारण र संकलन लुम्बिनी प्रदेश सरकारले तोके बमोजिम हुने ।**

| क सं | विवरण | दर रु | कैफियत |
|---|---|---|---|
| १ | अटो रिक्शा (तीन पाङग्रे टेम्पो) प्रतिवर्ष | रु १०००/ | |

सुनछहरी गाउँपालिका

## अनुसूची-७

**नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसुची ८ बमोजिम** आ.व. २०८३/०८४ मा **गाउँपालिका क्षेत्रमा विज्ञापन करः**

| सि.नं. | विवरण | करका दरहरु | प्रस्टयाइ | कैफियत |
|---|---|---|---|---|
| १ | व्यापारिक विज्ञापनको भित्ते लेखन प्रति वर्ग फिट | रू १०/- | | |
| २ | सरकारी सार्वजनिक स्थल तथा निजी भवनमा राखिने होडीङ वोर्ड प्रति वर्गफिट | रू १०/- | | |
| ३ | टेलिफोन टावर ५० फिट सम्म | ३.क व्यक्तिगत जग्गामा भएमा प्रति गोटा वार्षिक रू ५०००/-<br>३.ख सार्वजनिक जग्गामा भएमा प्रति गोटा वार्षिक रू १००००/- | | |
| ४ | व्यानर तथा फ्लेक्स प्रिन्ट ५० वर्ग फिट सम्म व्यापारीक विज्ञापन | दैनिक रू २०/- | | |
| ५ | स्टेज प्रोग्राम बाट गरिने विज्ञापन | दैनिक रू ५०००/- | | |

Sunchhahari Rural Municipality 2073 पोबाङ, रोल्पा

## अनुसूची-८

**नेपालको संविधानको धारा २२८ को उपधारा २ अनुसुची ८ बमोजिम गाउँपालिका क्षेत्रमा मनोरञ्जन करः-**

आ.व. २०८३/०८४ मा मनोरञ्जन कर प्रदेश कानुन अनुसार लगाइनेछ ।

सुनछहरी गाउँपालिका

## अनुसूची-९
## प्राकृतिक स्रोत उपयोग कर (दहत्तर बहत्तर शुल्क)

**नेपालको संविधानको धारा २२८ को उपधारा २ अनुसुची ७ बमोजिम गाउँपालिका क्षेत्रमा प्राकृतिक स्रोत शुल्क**- आ.व. २०८३/०८४ मा प्राकृतिक स्रोत शुल्क लुम्बिनी प्रदेश कानुन अनुसार लगाइनेछ ।

सुनछहरी गाउँपालिका

## अनुसूची-१०

नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसुची ८ बमोजिम गाउँपालिका क्षेत्रमा बहाल विटौरी करः- आ.व. २०८३/०८४ मा विभिन्न परम्परागत मेला जात्रा तथा हाट बजारका क्रमश गाउँपालिका क्षेत्र भित्र निर्मित स्टलको लागि प्रति स्टलको प्रति दिन रु १००/- बहाल बिटौरी कर असुल लिइनेछ ।

सुनछहरी गाउँपालिका

## अनुसूची-११

नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसुचि ८ बमोजिम गाउँपालिका क्षेत्रमा पार्किङ शुल्क करः-पार्किङ शुल्क स्रोत नभएकोले आ.व. २०८३/०८४ मा पार्किङ शुल्क लिइने छैन ।

सुनछहरी गाउँपालिका

अनुसूची-१२

नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसुची ८ बमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने ट्रेकिङ कायोकिड क्यनोईङ्ग बन्जी जम्पिङ जिपफ्लायर र र्याप्टीङ्ग करः- आ.व. २०८३/०८४ मा सुनछहरी गाउँपालिका आफ्नो क्षेत्र भित्र ट्रेकिङ कायोकिङ बन्जी जम्पिङ जिपफ्लायर सेवा वा व्यवसाय संचालनको लागि प्रदेश कानुन र संघिय कानुन अनुसार लगाईने छ ।

सुनछहरी गाउँपालिका

## अनुसूची-१३

नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा २ अनुसूची ८ बमोजिम आर्थिक वर्ष २०८३/०८४ मा गाउँपालिका क्षेत्रमा लाग्ने सेवा शुल्क दस्तुर करः

| क स | सेवाको प्रकार | करका दरहरु | कैफियत |
|---|---|---|---|
| १. | मठ मन्दिर, पार्टी, पौवा, द्वन्द पिडित, दैवि प्रकोप, पिडित असहाय, अपाङ्ग, सहिद परिवार, जेष्ठ नागरिक ६० वर्ष भन्दा माथि सिफारिस । | निशुल्क | |
| २. | बकस पत्र /सिफारिस दस्तुर | रु. ५००/- | |
| ३. | शेषपछिको वकसपत्र | रु. ५००/- | |
| ४. | अंशवण्डा भए नभएको सिफारिस दस्तुर | रु. ५००/- | |
| ५. | लेनदेनको लिखत/तमसुक दर्ता शुल्क | रकमको ०.५% | |
| ६. | नाता प्रमाणित सिफारीस दस्तुर | | |
| ७. | क.स्वदेशी नाता प्रमाणित | रू ५००/- | |
| ८. | ख.विदेशी नाता प्रमाणित | रू २०००/- | |
| ९. | ग.अंग्रेजीमा सिफारिस | रू २०००/- | |
| १०. | चार किल्ला/ घरबाटो खुलेको प्रमाणित सिफारिस | | |
| | क.पक्की बाटोले छोएको | रू १०००/- | |
| | ख.कच्ची बाटोले छोएको | रू ५००/- | |
| | ग.सडकले नछोएको | रू ३००/- | |
| ११. | घरको मुल्य कायम( सडकले नछोएको कच्ची) र सडकले छोएको कच्ची | रु १००० र रु १५०० | |
| १२. | टेलिफोन जडान सिफारिस | रू ५००/- | |
| १३. | घर कायम सिफारिस | | |
| | क.पक्किघर कायम सिफारीस दस्तुर | रु. १०००/ रुपैयाँ | |
| | ख.कच्चि घर कायम सिफारिश दस्तुर | रु. ५००/ रुपैयाँ | |
| १४. | रकम असुलीको मिलापत्र कायम | | |
| | रकम असुलीको मिलापत्र प्रतिशतको आधारमा | रू १ प्रतिशत | |
| १५. | बसोबास कायम | | |
| | क.स्थायी | रू ५००/- | |
| | ख.अस्थायी | रू ३००/- | |

| | | | |
|---|---|---|---|
| १६. | सर्जमिन मुचुल्का (नाम जन्म स्थान मिति ) | रू १०००/- | |
| १७. | संघ संस्था दर्ता /नविकरण सिफारिस | | |
| | क.दर्ता सिफारिस | रू २०००/- | |
| | ख.नविकरण सिफारिस | रू १०००/- | |
| | ग वडा कार्यालयबाट गाउँपालिकाको लागि दर्ता नविकरण सिफारिस | रु ३००/ | |
| १८. | नागरिकता सिफारिस | | |
| | क.अंगिकृत नागरिकता नयाँ | रू १०००/- | |
| | ख.नागरिकता प्रतिलिपि | रू ५००/- | |
| | ग.नागरिकता सिफारिस दस्तुर | रू ३००/- | |
| १९. | जग्गा दर्ता सिफारिस सबै वडाहरुमा कायम रहने गरी | रू १०००/- | |
| २०. | घरको ताला खुलाउने सिफारिस | रू ५००/- | |
| २१. | व्यवसाय वन्द तथा संचालन नभएको सिफारिस | रू १०००/- | |
| २२. | मोठ श्रेस्ता सिफारिस | रू ५००/- | |
| २३. | लालपूर्जा प्रतिलिपी सिफारिस | रु ५००/ | |
| २४. | उद्योग नामसारी/ठाउँ सारी सिफारीस | रू १०००/- | |
| २५. | व्यवसायी नामसारी ठाउँ सारी सिफारिस दस्तुर | रू १०००/- | |
| २६. | पेन्सन नामसारी सिफारिस दस्तुर | | |
| | क.स्वदेश | रू १०००/- | |
| | ख.विदेश (भारत) | रू २०००/- | |
| | ग.विदेश ( भारत बाहेक) | रु ३०००। | |
| २७. | घर जग्गा नामसारी (सर्जमिन मुचुल्का गर्नु परेमा) | रु. १०००/- | |
| २८. | अमिन उपभोग दस्तुर सिफारिस | रू ५००/- | |
| २९. | निजि विद्यालय संचालन स्वीकृति सिफारिस | | |
| | आधारभुत विद्यालय | रू ५००/- | |
| | माध्यामिक विद्यालय | रू ७००/- | |
| ३०. | विद्युत जडान सिफारिस | | |
| | क. घर | रू ३००/- | |

| | | | |
|---|---|---|---|
| | ख. उद्योग | रू ५००/- | |
| ३१. | घर जग्गा मुल्यांकन | | |
| | क.घर जग्गा सम्पत्ति मुल्यांकन | ०.१ प्रतिशत | |
| ३२. | घडेरी प्लटिङ बाटो कायम सिफारिस | रू २०००/- | |
| ३३. | उद्योगमा विधुत जडान सिफारिस | | |
| | क.५ हर्स पावर सम्म | रू १५००/- | |
| | ख.१० हर्स पावर सम्म | रू २००० | |
| | ग.१५ हर्स पावर वा सो भन्दा माथि | रू ३०००/- | |
| ३४. | नेपाली भाषामा प्रमाणित सिफारिस | | |
| | क.जन्म मिति सिफारिस | रू ३००/- | |
| | ख.विवाहित /अविवाहित खुलेको सिफारिस | रू ५००/- | |
| | ग.ठेगाना /नाम /फरक /चाल चलन सिफारिस | रू ५००/ | |
| | घ.नखुलेको अन्य सिफारिस | रू ५००/- | |
| ३५. | अंग्रेजी भाषामा प्रमाणित सिफारिस | | |
| | क.जन्म मिति प्रमाणित | रु १०००/- | |
| | ख.विवाहित /अविवाहित प्रमाणित | रू १०००/- | |
| | ग.ठेगाना नाम फरक चाल चलन सिफारिस | रू १०००/- | |
| | घ.जातजाति प्रमाणित | रू १०००/- | |
| | ङ.नखुलेको अन्य सिफारिस | रू १०००/- | |
| ३६. | घर नक्सापास दस्तुर | | |
| | क.नक्सा पास निवेदन फारमको रु | रू १०००/- | |
| | ख.भुई तला र पहिलो तलामा प्रति वर्ग फिट | रू ८/- | |
| | ग.दोस्रो तला वा सो भन्दा माथि प्रति वर्ग फिट | रू ५/- | |
| ३७. | एकल महिला (सामाजिक सुरक्षा प्रयोजन) प्रमाणित सिफारिस | निशुल्क | |
| ३८. | स्वास्थ्य उपचार र आर्थिक विपन्न सिफारिस | निशुल्क | |
| ३९. | प्रधानमन्त्री रोजगार अन्तर्गतका योजना तथा कार्यक्रमको सम्झौता तथा भुक्तानी सिफारिस | रू ५००/- | |
| ४०. | नाता कायम सिफारिस | रू ५००/- | |
| ४१. | पारिवारिक विवरण सिफारिस | रू ६००/- | |
| ४२. | जातजाती प्रमाणित/ सिफारिस | रू ५००/- | |

| | | | |
|---|---|---|---|
| ४३. | जिवित रहेको सिफारिस | रू १०००/- | |
| ४४. | नाबालक प्रमाणित सिफारिस | रू ५००/- | |
| ४५. | व्यक्तिगत सिफारिस | रू ५००/- | |
| ४६. | भ्याट दर्ता सिफारिस | रू ५००/- | |
| ४७. | प्यान दर्ता सिफारिस | रू ३००/- | |
| ४८. | मिनि साउण्ड सिस्टम भाडा प्रति दिन | रू १००/- | |
| ४९. | क.हल भाडा प्रति दिन ( ठूलो हल) | रू १०००/- | |
| | ख हल भाडा प्रति दिन(सानो हल) | रु ५००/- | |
| ५०. | सेवा करारको लागि आवेदन दस्तुर | | |
| | क सहयोगी तथा स्वयंसेवक | रु ३००/- | |
| | ख सहायक स्तर चौथो | रु ४००/- | |
| | ग सहायक स्तर पाँचौ | रु ५००/- | |
| | घ अधिकृत छैठौं र सातौं | रु १०००/- | |
| | ङ अधिकृत आठौ वा सो भन्दा माथि | रु १५००/- | |
| ५१ | कक्षा ८ को मार्कसिट सच्याउने/ प्रतिलिपी दस्तुर | रु ५००/- | |
| ५२ | घुम्ति व्यापारी दैनिक प्रति दिन | | |
| | क.कपडा, त्रिपाल बेच्ने तथा बनाउने व्यापारी | रू २००/- | |
| | ख.प्रेसर कुकर बनाउने तथा साना साना सामानहरु बेच्ने । | रू १००/- | |
| | ग.किराना खाद्य तथा अन्य जुनसुकै किसिमका सामानहरु विक्री गर्ने । | रू २००/- | |
| ५३ | घुम्ति व्यापारी सवारी साधन प्रयोग गरी जुनसुकै किसिमका सामानहरु विक्री गर्ने हरु प्रति दिन | साना सवारी साधन रू ५०० र ठुला सवारी साधन रु ८०० | |
| ५४ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि दर्ता हुनेको | रू २००/- | ३५ दिन सम्म निशुल्क |
| ५५ | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | रू ५००/- | |
| ५६ | न्यायिक समिति | | |
| | क. उजुरी दर्ता (निवेदन दस्तुर) | रू ५००/- | |

| | | | |
|---|---|---|---|
| | ख. प्रतिवादीको जवाफ तथा लिखित उत्तर दर्ता | रू ५००/- | |
| ५७ | बसाईसराइ सिफारिस (रोल्पा जिल्लामा पंजिकरण ऐन लागु हुनुभन्दा पहिलेको) | रु १०००। | |
| ५८ | विभिन्न क्लवहरु/कम्पनी/संघ संस्था वा अन्य सुचिकृत | ७००/- | |
| ५९ | बसाइसराइ गरी आउने सिफारिश (रोल्पा जिल्लामा पंजिकरण ऐन लागु हुनुभन्दा पहिलेको) | रु ५००। | |
| ६० | निर्माण व्यवासायी सूचिकृत (अन्य पालिकामा दर्ता भएका) | २०००/- | |
| ६१ | कृषक समुह सुचिकृत (अन्य पालिकामा दर्ता भएका) | रु. २००/- | |
| ६२ | कृषक समुह समिति दर्ता /नवीकरण | रु ५००/रु २००/- | |
| ६३ | महिला समुह वा समिति दर्ता /नवीकरण | रु ५००/रु २००/- | |
| ६४ | उपभोक्ता समिति दर्ता /नवीकरण | रु ५००/रु २००/- | |
| ६५ | दलित समूह दर्ता /नवीकरण | रु ५००/रु २००/- | |
| ६६ | आपूर्तिकर्ता सुचिकृत | | |
| | क मालसामान आपूर्ति | रु ५००/- | |
| | ख परामर्श सेवा आपूर्तीकर्ता | रु ७००/- | |
| | ग प्रशिक्षक सूचीकृत | रु ५००/- | |
| ६७ | जलस्रोत मुहान दर्ता / नविकरण | रु. ५००/२००/- | |
| ६८ | विषय विशेषज्ञ दर्ता शुल्क | १०००/- | |
| ६९ | संस्थागत विद्यालयहरुको कक्षा थप अनुमति | १०००/- | |
| ७० | योजना/कार्यक्रम सिफारिस | | |
| | क रु १ लाख सम्मको योजना सम्झौता/भुक्तानी सिफारिस | रु २५०/- | |
| | ख रु १ लाख देखि ३ लाख सम्मको योजना सम्झौता/भुक्तानी सिफारिस | रु ३००/- | |
| | ग रु ३ लाख देखि ५ लाख सम्मको योजना सम्झौता/भुक्तानी सिफारिस | रु ४००/- | |
| | घ रु ५ लाख देखि १० लाख सम्मको योजना सम्झौता/भुक्तानी सिफारिस | रु ५००/- | |

| | | | |
|---|---|---|---|
| | ङ रु १० लाख देखि माथिको योजना सम्झौता/भुक्तानी सिफारिस | रु ७००/- | |
| ७१ | **दहत्तर बहत्तर शुल्क** | | |
| | ढुङगा, गिटी, बालुवा, माटो (दहत्तर बहत्तर शुल्क) | लुम्बिनी प्रदेशको आर्थिक ऐन,२०८३ अनुसार | |
| | **अन्य प्रशासनीक सेवा शुल्क** | | |
| ७२ | पशु उपचार सेवा शुल्क दर विवरण | | |
| | क) गाई भैसी | उपचार सेवा शुल्क-रु १०, गोबर जाँच-१० | प्रति पशु |
| | ख) भेडा/बंगुर/बाख्रा/ खरायो | उपचार सेवा शुल्क-रु ५,गोबर जाँच-५ | प्रति पशु |
| | ग) कुखुरा/हाँस अन्य/ पंक्षी | उपचार सेवा शुल्क-रु १, गोबर जाँच-५ | प्रति पशु |
| | घ) कुकुर/बिरालो | उपचार सेवा शुल्क-रु १५, गोबर जाँच-१५ | प्रति पशु |
| | ङ) घोडा बादर /अन्य वन्यजन्तु | उपचार सेवा शुल्क-रु१५, गोबर जाँच-५ | प्रति पशु |
| | च) बहर बंगुर खसी बनाउने बोका | उपचार सेवा शुल्क-रु ५० | प्रति पशु |
| | **अन्य सेवा शुल्क तथा बिक्री** | | |
| ७३ | आँखा सेवा शुल्क | | |
| | नयाँ बिरामी दर्ता | रु ५०। | |
| | पुरानो बिरामी दर्ता | रु ४० | १५ दिन पछि लाग्ने |
| | आकस्मिक सेवा | रु १५० | |
| | अन्य उपचार, औषधी र उपकरणको खर्च लाग्नेछ । | | |
| ७४ | पशु चौपाया किनबेच ब्यापारी | | |
| | ठूला चौपायाहरु प्रति गोटा | रु १००। | |
| | साना चौपायाहरु प्रति गोटा | रु ५०। | |
| | ऊन प्रति केजी | रु ५। | |

| | | | |
|---|---|---|---|
| ७५ | धातुजन्य मालसमान खरीद तथा बिक्री गर्ने घुम्ती ब्यापारी प्रति महिना | रु ३०००। | |
| ७६ | एम्बुलेन्स सेवा शुल्क, एम्बुलेन्स सञ्चालन कार्यविधि २०७९,(संसोधन सहित) मा तोकिए बमोजिम लिन सकिनेछ । | | |
| ७७ | मेशिनरी औजार संचालन शुल्क, मेशिनरी औजार संचालन तथा व्यवस्थापन निर्देशिका, २०७७ (पहिलो संसोधन २०८२) मा तोकिए बमोजिम लिन सकिनेछ) | | |
| ७८ | **अन्य सेवा शुल्क तथा बिक्री** (ल्याव सेवा शुल्कबापत् लाग्ने शुल्क) | 1. Acetone/Urine ketone bodies test-50<br>2. Blood Grouping and Rh Typing-35<br>3. Semen Analysis- 200<br>4. Hemoglobin(HB)-35<br>5. Differential Leucocye Count- 35<br>6. Erytgrocyte Sedimentation Rate(ESR)-35<br>7. Total Leucocyte Count-35<br>8. Platelts Count- 35<br>9. Bleeding Time-25<br>10. Clotting Time-25<br>11. BT & CT-50<br>12. Rk-39(Kala-azar)- 300<br>13. Malaria Antegene Test-Free<br>14. Mantous Test-75<br>15. H.Pylori Ag. Test-500<br>16. H.Ployri Ab Test- 250<br>17. Blood Sugar(F/pp/R)-50<br>18. Urea-100<br>19. Creatinine-100<br>20. Calcium-250<br>21. Uric Acid-150<br>22. Amyase-350<br>23. Bilirubin-100<br>24. Troponin I-300 | |

| | | | |
|---|---|---|---|
| | | 25. KOH Preparation for fungal study-80<br>26. HIV-RDT- 200<br>27. HBSAG-RDT-150<br>28. HCV-RDT-150<br>29. RPR/VDRL-100<br>30. Syphilis-200<br>31. RA-100<br>32. ASO-150<br>33. CRP-120<br>34. Urine Preganancy Test-50<br>35. PMTCT-Free<br>36. Urine RE/ME-50<br>37. Stool RE/ME-50<br>38. Stool occult Blood-80<br>39. Widal-100<br>40. Scrub Typhus-600 | |

## अनुसूची-१४

**पर्यटन शुल्कः** नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसुचि ८ बमोजिम आ.व. २०८३/०८४ मा प्रदेश कानुन बमोजिम पर्यटन शुल्क लाग्नेछ ।

सुनछहरी गाउँपालिका

## अनुसूची-१५

**दण्ड जरिवाना शुल्कः** नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसुचि ८ बमोजिम आ.व. २०८३/०८४ मा दण्ड जरिवाना शुल्क लाग्नेछ ।

| क सं | कसुर विवरण | जरिवाना रकम | कैफियत |
|---|---|---|---|
| १ | बजार अनुगमनको क्रममा व्यवसाय दर्ता नगरेको पाईएमा । मुल्यसूची नराखेमा, | ५,००। | |
| २ | पसलमा प्रमाणपत्र नराखेमा | २,००। | |
| ३ | बजार अनुगमनको क्रममा अनुमती भन्दा फरक कारोबार गरेको पाईएमा । | ५,००। | |
| ४ | बजार अनुगमनको क्रममा म्याद नाघेको अखाद्य सामान बिक्री गरेमा । | ५,०००। | |
| ५ | बजार अनुगमनको क्रममा होटल तथा अन्य व्यवसाय फोहोर देखिएमा । | २,००। | |
| ६ | औषधी पसलमा म्याद नाघेको औषधी भेटिएमा । | १,०००। | |
| ७ | अनुमति बिना खोला खानीमा व्याक हो लोडर एक्साभेटर आदि संचालन गरेमा । | १०,०००। | |
| ९ | अनुमति बिना नदीजन्य र खानी जन्य पदार्थ उत्खनन तथा ढुवानी गरेमा | १५,०००। | |
| १० | अनुमती बिना कवाड जिवजन्तु हाड छाला जडिबुटी संकलन तथा निकासी गरेमा | ५,०००। | |
| ११ | खसि बोका बाख्रा बंगुर सुंगुर चोरि निकासी गरेमा | १,०००। | |
| १२ | खोलामा करेन्ट तथा विषादीको प्रयोग गरेमा | ५,०००। | |
| १३ | सार्वजनिक स्थान तथा सडक अबरुद्ध हुने गरि सामाग्री राखेमा | रु १,०००। | |

## अनुसूची-१६

नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसुचि ८ बमोजिम आ.व. २०८३/०८४ मा गाउँपालिका क्षेत्रमा लाग्ने कर छुट सम्बन्धि व्यवस्था सुनछहरी गाउँपालिकाको कानुन बमोजिम हुनेछ ।

सुनछहरी गाउँपालिका

## अनूसूची-१७

नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसुचि ८ बमोजिम आ.व. २०८३/०८४ मा गाउँपालिका क्षेत्रमा लाग्ने कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः-यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि सुनछहरी गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

आज्ञाले,
प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

सुनछहरी गाउँपालिका